**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः १८ अगस्त २०२३

समयः १८:५० - १९:०० बजे

**प्रमुख समाचार**

- रक्षा बन्धनको अवसरमा राष्ट्रपति दौपद्री मुर्मूले देशवासीहरूलाई बधाई र शुभकामना दिनुभएको छ।
- कोलकाताका आर.जी. कलेज अस्तपाल महिला डाक्टर बलात्कार र हत्या काण्डको स्वतः संज्ञान लिन्दै सर्वोच्च अदालतले २० अगस्तको दिन सुनवाई गर्ने भएको छ।
- कलकता डाक्टर हत्या र बलात्कार काण्डमा सीबीआईले आज पनि सोधपूछ जारी राखेको छ। मृतक डाक्टरसित सामूहिक दुष्कर्म भएको आशंका।
- डाक्टर हत्या र बलात्कार काण्डको विरोधमा सल्टलेक स्टेडियमा हंगामा। मोहन बगान-इस्ट बेंगल बीचको म्याच रद्द।
- भाजपाले एक सितम्बरदेखि सदस्या अभियान शुरू गर्नेछ। १० करोड़ नया सदस्य बनाउने लक्ष्य।
- गृहमन्त्री अमित शाहले अहमदाबाद १८८ जना शरणार्थीहरूलाई सी.ए.ए कानून बमोजिम नागरिकता वितरण गर्नुभयो।
- नेपालकी विदेशमन्त्री आरजु देउबा राणा भारत भ्रमणमा आज नया दिल्ली आइपुग्नु भएको छ।

**रक्षा बन्धन**

रक्षा बन्धनको अवसरमा राष्ट्रपति दौपद्री मुर्मूले रक्षा बन्धनको पूर्व सन्ध्यामा देशवासीहरूलाई बधाई र शुभकामना दिनुभएको छ। राष्टपतिले आफनो सन्देशमा भन्नुभएको छ- रक्षा बन्धन दाजु भाइ, दिदी बहिनी बीचको बन्धनको एक त्यौहार हो। यस त्यौहारले परस्पर विश्वास अनि प्रेम सशक्त बनाउदछ। भोलि रक्षा बन्धन अर्थात जनै पूर्णिमा जीटीए क्षेत्रमा पनि धूमधामसित मनाइने जानकारी प्राप्त भएको छ। यसको निम्ति तयारीहरू भइरहेको छ।

****** ० ******

**सर्वोच्च अदालत- कलकता काण्ड**

कलकता आर.जी कलेज अस्पताल काण्डमाथि सर्वोच्च अदालतले स्वतः संज्ञान लिन्दै आगामी २० अगस्तको दिन यस मुद्दामा सुनवाई गर्न तय गरेको छ। यस काण्डमा देशभरि डाक्टरहरू, चिकित्सा कर्मीहरू र आम मानिसहरूमा धेरै आक्रोश बढ़न थाले पछि सर्वोच्च अदालतले सम्बन्धित पक्षहरूलाई स्वतः संज्ञान लिन्दै २० तारिखको दिन सुनवाईको नोटिस जारी गरेको छ। कलकता पुलिसले आरम्भिक जाँचमा लापरवाही गरेको, अपराधीलाई बचाउन खोजेको तथा सबुतहरू नष्ट गर्ने प्रयास गरिरहेको आशंकामा कलकता उच्च अदादतले यस मामिलाको जाँच तत्काल सीबीआईद्वारा गराउने आदेश दिएको थियो। यसैबीच सीबीआईले जाँच शुरू गरेको छ। सीबीआईको टीमले आज पनि अस्पताल र कलेजका पूर्व प्राचार्य संदीप घोषसित लगातार सोधपूछ गरिरहेको छ। यस मुद्दामा सीबीआईले मुख्य आरोपी संजय रायको मनोवैज्ञानिक परीक्षण पनि गराउने भएको छ। सीबीआईले पीड़िताका माता पितासित पनि सोधपूछ गरेको छ। मृतक डाक्टरका माता पिताले आफनो छोरीसित सामूहिक बलात्कार र हत्या भएको आशंका व्यक्त गर्दै कलेज प्रशासन र विभागले कुनै पनि सहयोग नगरेको गम्भीर आरोप लगाएका छन्। यसै बीच यो काण्डको विरोध गरी रहेका ४२ जना डाक्टरहरूलाई सरूवा गर्ने पश्चिम बंगाल स्वास्थ्य विभागको आदेशलाई ममता सरकारले ठूलो दबाव पछि फिर्ता लिएको छ। स्मरण रहोस यस जघन्य काण्डको विरोधमा अखिल भारतीय चिकित्सा परिषदले हिज देशभरि २४ घण्टे बन्दको आह्वान गरेको थियो जो धेरै प्रभावी रहयो। आपात सेवाहरूलाई छोड़ेर अन्य सेवाहरू हिज सरकारी र निजी अस्पतालमा ठप्प रहयो साथै अनेकौं स्थानमा डाक्टरहरू- नर्सहरू र आम मानिसहरूको मौन जुलूस, क्याण्डल मार्च र रयालीहरू निकाले। भाजपाले आर.जी कर मेडिकल कलेज र अस्तपालका प्रधानाध्यापक ममता ब्यानर्ज र टीएमसीको निकटमक व्यक्ति हुनाले ममता ब्यानर्जीले अपराधीहरूलाई बचाई रहेको तथा सो घटनाको विरोधमा आवाज उठाउनेहरूलाई नै कलकता पुलिसले पक्राउ र प्रताड़ित गरी रहेको गम्भीर आरोप लगाउँदै ममता ब्यानर्जीको राजीनाको माग गर्दै प्रदर्शनहरू गरेको छ। अर्कोतिर यस घटनामाथि तीव्र आवाज उठाउने कतिपय डाक्टरहरू र भाजपा नेताहरूमाथि कलकता पुलिसले कारवाही गर्दै समन पठाएको छ। सम्पूर्ण दार्जिलि पनि यस जघन्य हत्या काण्डको विरोध भइरहेको छ।

****** ० ******

**शुखेन्दु शेखर**

तृणमूल कंग्रेसका सांसद शुखेन्दु शेखर रायले अब यस मामिलामा कलकता पुलिस कमिश्नर विनीत गोयललाई सीबीआई हिरासतमा राखेर पूछताछको माग गरेका छन्। यसैकारण कलकता पुलिसमा हलचल मच्चिएको छ। अर्कोतिर आज बेलुकीसम्म कलकता पुलिस मुख्यालयमा उपस्थित हुन भनिएको छ। सूत्र अनुसार लाल बजार थानाले सुखेन्दुलाई उनको सोशियल मीडिया पोस्टको कारण नोटिस पठाएको थियो जबकि सांसद रायले आर.जी कर मेडिकल कलेजमा भएको घटनामा पुलिसले ढिलाई गरेको भन्दै आरोप लगाएका थिए। यस आरोपलाई पुलिसले गलत ठहराउँदै उनलाई यसै सिलसिलामा पूछताछ गरिने बताइएको छ। यसैबीच लाल बजार थानाले भाजपाका पूर्व सांसद लकेट च्याटर्जी साथै डी.वाइ.एफ.आई का राज्य सचिव मीनाक्षी मुखोपाध्यायलाई पनि पूछताछको निम्ति डाकिएको छ।

****** ० ******

**कलकता स्टेडियम हंगामा**

कलकताको सल्ट लेक फूटबल स्टेडियममा आज अपरान्ह ठूलो हंगामा भइरहेको छ। सुरक्षा कारण देखाएर मोहन बगान तथा इस्ट बंगाल बीचको आजको म्याच रद्द गरिए पछि स्टेडियम बाहिर सैकड़ौं मानिसहरूले विरोध प्रदर्शन गरिरहेका छन्। कानून व्यवस्था बनाई राख्न कलकता पुलिसले बल प्रयोग गर्दै इलाकामा १४४ धारा लगाए तापनि मानिसहरूको प्रदर्शन जारी छ। कलकता आर.जी कर कलेज अस्पतालको डाक्टरसित बलात्कार र हत्या काण्ड मामिलामा मानिसहरूले प्ले कार्डस् लिएर स्टेडियम भित्र प्रदर्शन गर्न सक्ने आशंकामा म्याचलाई रद्द गरिएको प्रशासनले बताएको छ। ताजा समाचार अनुसार हजारौंको संख्यामा मानिसहरू स्टेडियम बाहिर जमा भएर डाक्टरसितको बलात्कार र हत्या काण्डको विरोध गरिरहेका छन्। मुख्यमन्त्री ममता ब्यानर्जीको सरकारले आर.जी कलेज अस्पताल परिसर वरिपरि कुनै पनि प्रदर्शन घटनामाथि एक सातासम्मका लागि प्रतिबन्ध लगाइए पछि जन आक्रोश झन बढ़ेर गएकोछ।

****** ० ******

**अमित शाह- गुजरात**

केन्द्रीय गृह अनि सहकारिता मन्त्री अमित शाहले आज १ सय ८८ शरणार्थी हिन्दुहरूलाई देशको नागरिकता, सिटीजेन एमेण्डमेन्ट एक्ट अनुरूप अहमदाबादमा एउटा कार्यक्रम बीच प्रदान गर्नु भयो। मन्त्री अमित शाहले भ्रमणको अवधि अहमदाबाद म्यूनिसिपल करपोरेशनमा १ हजार करोड़ रुपियाँका धेरै विकासमूलक परियोजनाहरूको शिलान्यास गर्नुभयो। आज बिहान श्री शाहले धेरै विकासमूलक परियोजनाहरूको उद्घाटन गर्नु भयो जसमा बोदाकदेवमा अक्सिजन पार्क अनि मकराबामा जिमनेजियम अनि स्वीमिंग पूल विशेष छन्।

****** ० ******

**भाजपा-सदस्यता अभियान**

भारतीय जनता पार्टीले आगामी एक सितंबर देखि देशभरी नयाँ सदस्यता अभियान शुरू गर्नेछ। यस अभियानमा पार्टीले झण्डै १० करोड़ भन्दा बढी सदस्यहरू जोड्ने लक्ष्य राखेकोछ। नयाँ दिल्लीमा हिजो पार्टी पदाधिकारीहरूको बैठकमा यो निर्णय लिइएको हो। भाजपाका राष्ट्रीय प्रवक्ता संबित पात्राले बताए अनुसार, यो सदस्यता अभियान ती राज्यहरूमा चलाइने छैन जाहाँ चुनाव हुनेवाला छ। श्री पात्राले अझ भन्नु भयो कि पार्टीले जारी गर्ने नम्बरमा मिस्ड कहल गरी क्यूआर कोड स्कैन गरी नमो एप-को उपयोग गरी अथवा भाजपाको आधिकारिक वेबसाइटका प्रयोग गरि नयाँ सदस्य बन्न सकिन्छ। भाजपाले दावी गर्दै भनेकोछ कि अहिले उसको सदस्य संख्या १८ करोड़ भन्दा अधिक रहेकोछ।

****** ० ******

**नेपाल विदेश मंत्री**

नेपालकी विदेश मंत्री डह- आरजू राणा देउबा पांच दिने आधिकारिक यात्रामा आज भारतको राजधानी नयाँ दिल्ली आइपुग्नु भयो। भारतका विदेशमंत्री डा. एस. जयशंकरको निमंत्रणमा श्रीमति आरजु देउबा भारत भ्रमणमा आउनु भएको । भारतको विदेश मंत्रालयले भनेकोछ- छिमेकी प्रथम नीति अन्तर्गत भारतले नेपालसित नियमित रूपमा वार्ता गरि रहन्छ। श्रीमति देउबाको भारत यात्राले दुवै देशको आपसी संबंधहरूलाई प्रगाढ गर्ने अवसर प्रदान गर्नेछ। ।

****** ० ******

**नेपाल थामे बाढ़ी**

नेपालको सुदूर उत्तर जिल्ला सोलो खम्बुमा रहेको एकै ठाँउका ५ हिम पोखरीहरू मध्ये दुइवटा पोखरी फूटनाले आएको बाढ़ीमा थामे गाँउ प्रायः नष्ट भएको छ। स्मरण रहयो यो त्यही ठाउँ हो जहाँ सगरमाथा पहिलो चोटी ओक्लिने तेजिंग नोर्गे शेर्पाको जन्म भएको थियो। जलवायु परिवर्तनको कारणले हिमालय क्षेत्रका ग्लेसियरहरू फुटने क्रम जारी छ।

विगत वर्ष अक्तूबरमा सिक्किमको लुहनाक लेक फूटनाले टिस्टा नदीमा व्यापक बाढ़ीले ठूलो विनाश गरेको थियो। सगरमाथा नजिकको क्षेत्रमा आएको यस थामे हिम लेक फूटनाले कैयन घर होटलहरू ध्वस्त भएको जिल्ला प्रशासन र नेपालको सैन्य अधिकारीहरूले पुष्टि गरेका छन्। राहत र बचाव कार्य जारी छ। हिज दिउँसै यो प्राकृतिक आपदा आएकोले व्यापक ज्यान मालको नोकसानी नभएको सोले खम्बु जिल्ला अधिकारीले बताएका छन्।

****** ० ******

**<u>गोपाल योन्जन समारोह</u>**

नेपाली संगीतका वाङ्गेयकार गोपाल योञ्जनको ८१ औं जन्म जयन्ती समारोह अनि गोपाल योञ्जन संगीत सम्मान अलङ्करण समारोह सम्पन्न भएको छ। गौरव मञ्च तीनधारेको आयोजनामा तीनधारेको महात्मा गाँधी हलमा सम्पन्न उक्त कार्यक्रमको सम्पन्न भएको छ। कार्यक्रममा उत्तर बंगाल विश्वविद्यालयका प्रोफेसर डा सञ्जय बान्तावले वाङ्गेयकार गोपाल योञ्जनको संगीत यात्रा साथै उनलाई किन नेपाली संगीतको वाङ्गेयकार भनियो भन्ने विषयमा महत्वपूर्ण र जानकारीमूलक वक्तव्य राखेका थिए। उनले वाङ्गेयकार गोपाल योञ्जन लेख्न सक्ने, वाचन गर्न सक्ने, संगीत दिनु सक्ने र गाउनु पनि सक्ने अनि तीनैवटा विधामा आधिकारिक रूपमा प्रयोग गर्न सक्ने क्षमता गोपाल योञ्जनमा थियो भनी बताएका छन् यसपाली तीनजना गोपाल गजमेर, चन्दु भुसाल र गौतम मोक्तानलाई गोपाल योञ्जन संगीत सम्मान प्रदान गरिएको छ। गत वर्ष पहिलो गोपाल योञ्जन संगीत सम्मान तीनधारेका वरिष्ठ संगीतकार सुरेन बम्जनलाई प्रदान गरिएको थियो।

****** ० ******

**<u>बोस पुण्यतीथि</u>**

देशका महान् स्वतन्त्रा सेनानी तथा क्रान्तिकारी नेताजी सुवास चन्द्र बोसको पुण्य तीथिमा कृतज्ञ राष्टले उहालाई स्मरण गर्दै श्रद्धासुमन अर्पित गरिरहेको छ। अरूणाचल प्रदेशका मुख्यमन्त्री पेमा खाण्डु र मणिपुरका मुख्यमन्त्री एन. विरेन सिंहले उहालाई आज श्रद्धांजली अर्पित गर्नुभयो।

****** ० ******

**<u>कवि सम्मेलन</u>**

साहित्य अकदमी नयाँ दिल्ली एवं साहित्य सुनौ परिवार मिरिकको आयोजनामा आगामी २३ अगस्तको दिन मिरिकको एक होटेलको प्रेक्षगृहमा नेपाली कवि सम्मेलनको आयोजना गरिने जानकारी प्राप्त भएको छ। यस अवसरमा कवि पबित्र लामा, कवि माधव बुडाथोकी, कवि नरेश चन्द्र कटुवाल, मन्जुला तामाङ अनि गोकुल रसाईलीले कविता वाचन गर्नुहुनेछ भने कार्यक्रमको अध्यक्षता नेपाली भाषा परामर्श समितिका अध्यक्ष शंकर देब ढकालले गर्नुहुनेछ।

****** ० ******

**<u>बोनस</u>**

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको चिया श्रमिक संगठनले दार्जीलिङ पहाडको सम्पूर्ण चिया बगानहरुका श्रमिकहरुलाई आगामी सितम्बर महिनाको पहिलो सप्ताहभित्रमा पुजा बोनस २० प्रतिशतको दरले बितरन गर्ने माग गरेको छ। आज पार्टीको चिया श्रमिक संगठन हिल तराई डुवर्स प्लान्टेसन वर्कर्स युनियनको मिरिक महकुमा समितिको महत्त्वपूर्ण बैठक पछि समितिका सयोजक रोदन छेत्रीले पत्रकारहरुलाई सम्बोधन गर्दै यस आशयको जानकारी दिएका छन्।

****** ० ******

**<u>मालदा दुर्घटना</u>**

हिज शनिबार राती माल्दा जिल्लाको इंग्लिस बजार पुलिस स्टेशनको गौड़बंग स्टेशनको छेउमा पर्ने राष्ट्रीय राजमार्ग ३४ मा एउटा कार अनि ट्रकमाझ भीड़न्त हुँदा ६ जना व्यक्तिको ज्यान गएको छ। दुर्घटनामा गम्भीर रूपमा घाइते भएका एकजना व्यक्तिलाई हिज नै मालदा मेडिकल कलेज अनि अस्पतालमा भर्ना गरिएको छ। पुलिस सूत्र अनुसार जादुपुर एक नम्बर ग्राम पंचायत अन्तर्गत गौड़बंग स्टेशन नजिक पर्ने राष्ट्रीय राजमार्ग ३४ मा उक्त दुर्घटना राती ११ बजे घटेको हो। तेज गतिमा आएर कथित कारले ट्रकलाई हिर्काउदा सो दुर्घटना भएको हो भनेर जान्नमा आएको छ। कारमा सवार जम्मा ७ जना मानिसहरू थिए भने ५ जनाको घटनास्थलमा नै मृत्यु भयो।

****** ० ******

**<u>बिजनबारी पुल उद्‌घाटन</u>**

दार्जीलिंग शहरलाई पुलबजार बिजनबारीसित जोड़ने एक मात्र पूलले फेरि एकपल्ट काचूली फेरेको छ। पुलको नवनिर्माण गर्ने स्थानीय मानिसहरूको दीर्घकालिन माग आज पूरा भएको छ। एक भव्य कार्यक्रम बीच बालुवाबास पुलको

उद्‌घाटन गरियो। हाम्रो पार्टी अध्यक्ष अजय एडवर्डको पहल तथा आम मानिसहरूको श्रमदानले यो पुलको निर्माण गरिएको हो।

****** ० ******

************